नेपाल सरकार
अर्थ मन्त्रालय
**महालेखा नियन्त्रक कार्यालय**
**Financial Comptroller General Office**
अनामनगर, काठमाण्डौं
(अन्तर सरकारी वित्त समन्वय शाखा)

फ्याक्स नं.- ०१-४७७०३८८
फो.नं.- ०१-४७७११४०
ईमेल : lgfcs@fcgo.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

प.सं. २०८२/८३
च.नं. ४४

मिति :- २०८२।०६।०७

विषय :- सुत्र प्रणाली संचालनमा रहेको समस्या सम्वन्धमा ।

श्री स्थानीय तह (सवै)

प्रस्तुत विषयमा यस महालेखा नियन्त्रक कार्यालयवाट स्थानीय तह संचित कोष व्यवस्थापना प्रणाली (SuTRA) को सहजीकरण गरिरहेको व्यहोरा अवगत नै छ।

२०८२।५।२४ गते देखि करिव १ हप्ता देशको असहज वातावरण र यसको प्रभाव स्वरुप सुत्र प्रणाली बन्द रहेको, त्यसपछि हाल सवै निकायले एकसाथ प्रणाली संचालन गर्दा अत्याधिक चाप रहेको, महान चाड वडादशैंको कारण सवै प्रकारका निकासाहरु र खर्च प्रणालीको काम हुदा प्रयोग कर्ता वढी भएको, प्रतिवेदन तयारी एव लेखापरीक्षणको काम भइरहेको, पालिकाहरुको कर छुट अवधिका कारण करदाताहरु कर तिर्ने चाप अति रहेको, प्रणालीको क्षमता सिमित हुदा एक साथ सेवा प्रवाह गर्न समस्या भएको, महालेखा नियन्त्रक कार्यालयवाट कार्यालय समय र बिदाको दिनमा प्रणालीको क्षमता वढाउने काम गर्नु परेको कारणले सुत्र प्रणालीमा केही समस्या भइ प्रभावकारी बनाउन गुनासो लिखित र मौखिक रुपमा वढीरहेको अवस्था छ।

केही पालिकाहरुले विहान ७ वजेदेखि नै कर संकलन कार्य गरेको, विहान र वेलुका प्रणाली अति राम्रो भएको सुत्र प्रणाली मर्मत एव साना साना क्षमता वढाउने कार्य भईरहेको, EFT सर्भरमा क्षमता वढाउने काम भइरहेको हुदा दिनको ११ देखि ३ वजे सम्म प्रयोग कर्ता वढी हुदा २०८२।६।७ देखि २०८२।६।१० सम्म सुत्र प्रणाली सुस्त हुने व्यहोरा जानकारी गराउदै यसवाट सवैमा परेको असुविधा प्रति क्षमा सहित अनुरोध छ।

श्री सूचना प्रविधि अधिकृत,
वडामा पत्राचार गर्नुहुन।
२०८२।०६।०८

२०८२।६।८
(यश प्रसाद ढकाल)
उप-महालेखा नियन्त्रक

अन्नपूर्ण गाउँपालिका
दर्ता नं.: १००३
दर्ता मिति: ०८२।६।८